"पर्यटन, कृषि र प्राकृतिक सौन्दर्यको शहर, सांस्कृतिक तारकेश्वर नगर"

# तारकेश्वर नगर गतिविधि

तारकेश्वर नगरपालिकाबाट प्रकाशित बुलेटिन


वर्ष-२ | अङ्क-५ | चैत्र २०७८

## शुभकामना

नव वर्ष २०७९ सालको सुखद उपलक्ष्यमा आम नगरवासी, आमाबुवा, दाजु-भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु-स्वास्थ्य, उन्नति, प्रगति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## नेपालकै तेस्रो ठूलो राष्ट्रिय झण्डा रहेको स्थान तारकेश्वर नगरपालिका वडा नं. २ को माने डाँडा (देवीस्थान)







## तारकेश्वर नगरपालिकाको दशौं नगरसभा समयमै सम्पन्न

तारकेश्वर नगरपालिकाको दशौं नगरसभा २०७८ मंसिर २९ देखि पुष २ गते सम्म ३ दिन सञ्चालन भएर सम्पन्न भयो । मंसिर २९ गतेका दिन उद्घाटन सत्रको सुरुवातबाट नगरपरिषद् शुरु भयो । प्रमुख अतिथि संघीय सांसद एवम् काठमाडौं निर्वाचन क्षेत्र नं. ६ का माननीय सांसद भिमसेन दास प्रधानले पानसमा बत्ती वाली उद्घाटन गर्नु भएको थियो भने नगर प्रमुख रामेश्वर बोहराले संशोधित नीति तथा कार्यक्रम र हाल सम्मको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि काठमाडौं निर्वाचन क्षेत्र नं. ६ का संघीय सांसद भिमसेन दास प्रधानले स्थानीय तहमा सबै राजनीतिक दलका नेता




कार्यकर्ता मिलेर विकासमा जुट्नु पर्ने बताउनु भयो । विशेष अतिथि काठमाडौं निर्वाचन क्षेत्र नं. ७ का संघीय सांसद रामवीर मानन्धरले महानगर लगायत सबै क्षेत्रको समन्वयमा विकास निर्माणलाई अगाडि बढाउनु पर्ने बताउनु भयो । उक्त कार्यक्रममा नगर उपप्रमुख भवानी डोटेल धितालले कार्यक्रम सफल पार्न सहयोग गर्नुहुने र अमूल्य समय प्रदान गर्नु हुने प्रमुख अतिथि तथा विशेष अतिथि लगायत उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो भने स्वागत मन्तव्य प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्सालले राख्नु भएको थियो ।

**प्रमुख संरक्षक**

नगरप्रमुख रामेश्वर वोहरा

**संरक्षक**

नगर उपप्रमुख भवानी डोटेल धिताल

**सल्लाहकार**

प्रमुख प्रशासकीय अधिकृत

शिव प्रसाद लम्साल

**सम्पादक मण्डल**

**संयोजक**

होमनाथ न्यौपाने

अधिकृतस्तर दशौं

**सदस्यहरू**

शम्भुप्रसाद पौडेल

अधिकृतस्तर आठौं

तिर्थराज थापा मगर

अधिकृतस्तर सातौं

रचना शर्मा पन्थी

अधिकृतस्तर छैटौं

नरहरि गौतम

अधिकृतस्तर छैटौं

सूचना प्रविधि अधिकृत

**प्रकाशक**

तारकेश्वर नगरपालिका

धर्मस्थली, काठमाडौं



फोन नं. ०१-५१६८१११, ०१-५१६८२२७

०१-५१५८१२३, ०१-५१६८०५७

Website: tarakeshwormun.gov.np

Email: tarakeshwormun2071@gmail.com

Facebook Page: हेलो तारकेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाडौं


# उपप्रमुखसँग महिला शिक्षक कार्यक्रम सम्पन्न



मिति २०७८।०८।०६ गतेका दिन तारकेश्वर नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको समन्वयमा नगर भित्रका सामुदायिक विद्यालयका सवै र संस्थागत विद्यालयका १/१ जनाको दरले २२५ सहभागी भै उपप्रमुखसँग महिला शिक्षक कार्यक्रम सम्पन्न गरियो। महिला शिक्षकको महत्व, महिला शिक्षकको उपस्थितिले शिक्षण क्रियाकलापमा पार्ने प्रभाव, महिला शिक्षकको विद्यालयमा योगदान आदि विषयमा मध्य नजर गरेर अन्तरक्रियात्मक गोष्ठीको आयोजना गरिएको थियो । उक्त अवसरमा महिला शिक्षकहरुले महिला भएकै कारणले विद्यालयमा भोग्नु परेको समस्या तथा महिला भएकै कारणले पाएको अवसरको वारेमा छलफल तथा अनुभव आदानप्रदान गर्नु भएको थियो । महिला शिक्षकका अवसर र चुनौति दुवै पाटाका वारेमा छलफल भयो । उक्त अवसरमा नगर शिक्षा अधिकारी होमनाथ न्यौपानेले विद्यालयमा महिला शिक्षक अनिवार्य हुनु पर्नाको कारणवारे चर्चा गर्नु भएको थियो भने प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद लम्सालले कतिपय संस्था महिलाले मात्र सञ्चालन गरेर राम्रो नतिजा ल्याएको उदाहरण प्रस्तुत गर्नु भएको थियो। नगर उपप्रमुख भवानी डोटेल धितालले महिला कुनै कुरामा पनि कम छैनन् भन्ने प्रसस्त उदारण दिदै आफ्नो वृत्ती विकासको लागि आफै नै अग्रसर हुनु पर्ने वताउनु भयो । नेपाल राष्ट्रिय माध्यमिक विद्यालयकी प्रधानाध्यापक निर्मला शाक्यको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत भाषण नागार्जुन माध्यमिक विद्यालयकी प्रधानाध्यापक रामकुमारी पौडेलले गर्नु भएको थियो भने वर्तमान अवस्थामा विभिन्न निकायमा महिलाको सहभागिता तथा अवसर र चुनौतिको वारेमा मनमैजु माध्यमिक विद्यालयकी प्रधानाध्यापक रविना महर्जनले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रमको सञ्चालन भने सरस्वती आधारभूत विद्यालयककी प्रधानाध्यापक विमला वस्नेतले गर्नु भएको थियो।



# सोह्रौं ह्युमन् स्कूल (पृथ्वी नारायण मा.वि.) को अवलोकन भ्रमण



दक्षिण कोरियाको दातृ संस्था अम होङ गिल ह्युमन फाउन्डेसनका संस्थापक एवं कार्यकारी निर्देशक क्याप्टेन अम होङ गिलद्वारा यस सोह्रौं ह्युमन स्कुल पृथ्वीनारायण मा. वि. को अवलोकन भ्रमण यहि पौष ९ गते शुक्रबार विद्यालय प्राङ्गणमा सम्पन्न भयो। सन् २०१७ जुलाई २८ मा अवलोकन भ्रमण र सन् २०१९ फेब्रुअरी १९ मा MOU भएको उक्त परियोजना निर्माणको जिम्मा रेलिगेएर कन्सट्रक्सन कम्पनिले लिएका थियो। उक्त कार्यक्रममा सिभिल ईन्टरनेशनल प्रा. लि. का कार्यकारी निर्देशक ई. राजेश थापाले हालसम्म ६४% कार्य सम्पन्न गरेको विवरण प्रस्तुत गर्नुभएको थियो। परियोजना निर्माण समितिका संयोजक श्री केदार प्रसाद अर्यालको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा तारकेश्वर नगरपालिकाको उपप्रमुख श्री भवानी डोटेल, प्रमुख प्रशासकिय अधिकृत श्री शिव प्रसाद लम्साल, शिक्षा अधिकारी श्री होमनाथ न्यौपाने, नगर शिक्षा अधिकृत श्री पदम के. सी., परामर्श दाताका Civil International Consultant, निर्माण व्यवसायी Religare Construction Company, Foundation का Almuni Association, विद्यालय व्यवस्थापन समिती, विद्यालय सुधार योजना समिती, अभिभावक, विद्यार्थी तथा शिक्षकहरूको समेत सहभागिता रहेको थियो।





उक्त कार्यक्रममा दातृ संस्थाका संस्थापक क्याप्टेन अम होङ गिलले विद्यालय सबैको साझा संस्था भएकाले निर्माण कर्ताले विद्यालयलाई आफ्नो घर सम्झी समयमै निर्माण कार्य सम्पन्न गर्न अनुरोध गर्नुभएको थियो। सन् २०२१ मार्चमा सम्पन्न गर्ने जिम्मा लिएको कम्पनीले कोभिड-१९ को कारण निर्माण प्रभावित भएको कारणले सन् २०२२ जुन २२ मा सम्पन्न गर्ने जानकारी सिभिल ईन्टरनेशनल प्रा. लि. का कार्यकारी निर्देशक ई. राजेश थापाले दिनुभयो।

## २०७८/११/३० सम्मको योजना प्रगति विवरण

| सि. नं. | योजना विवरण | जम्मा योजना | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | वडा नं. ११ | जम्मा अनुदान | हाल सम्मको खर्च | बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुल योजना | ११९१ | ११७ | १३८ | १३५ | ७० | १६० | २८७ | ८३ | ४४ | ५१ | ४२ | ६४ | १,८२,०४,८०,८४९ | ४०,०६,९६,२१८.५५ | १,४१,९७,८४,६३०.४५ |
| २ | दर्ता भएको तर कुनै विवरण नभरिएको | ५७७ | ४८ | ७४ | ५७ | २४ | ६६ | १७१ | ३३ | १९ | २० | २१ | ४४ | १,०६,५९,०६,४०० | ० | १,०६,५९,०६,४०० |
| ३ | दर्ता भई सम्झौता भएका योजना | २९३ | २६ | ३३ | ४६ | २२ | ४७ | ६३ | २३ | १० | ९ | ७ | ७ | ३५,८१,९६,९०० | ० | ३५,८१,९६,९०० |
| ४ | मुल्यांकनको आधारमा भुक्तानी लगेको योजना संख्या | २ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ८०,००,००० | ४७,८४,१०५.७८ | ३२,१५,८९४.२२ |
| ५ | अन्तिम भुक्तानी लगेको अथवा सम्पन्न भएका योजना संख्या | ३१९ | ४३ | ३१ | ३२ | २४ | ४७ | ५३ | २६ | १५ | २२ | १३ | १३ | ३८,८३,७७,५४९ | ३८,८३,७७,५४९ | ० |

२ भन्दा वढी वडामा सञ्चालन हुने नगरस्तरिय योजनाहरु वडा न ६ मा समावेश गरिएको छ।

**तारकेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ**
**कार्यालयको कोड : ८०३३५४०६३००**
**Sectors wise Budget vs Expenditure**

रु. हजारमा

आ.व. : २०७८/७९ महिना : सबै अवधी : २०७८/०४/०१ – २०७८/११/३०

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १५,४०,२४,००० | २,२७,४७,९४९ | १४.७७ | १३,१२,७६,०५१ |
| १ | कृषि | ४,८३,४४,००० | १,८३,४२६ | ०.३८ | ४,८१,६०,५७४ |
| २ | उद्योग | २८,००,००० | ८,९०,८४० | ३१.८२ | १९,०९,१६० |
| ३ | पर्यटन | ४,९२,७५,००० | ७२,०१,५२० | १४.६१ | ४,२०,७३,४८० |
| ४ | जलश्रोत तथा सिंचाई | ६७,००,००० | ४१,८३,००० | ६२.४३ | २५,१७,००० |
| ५ | पशुपन्छी विकास | ४१,१०,००० | २०,८२,५०० | ५०.६७ | २०,२७,५०० |
| ६ | भूमि व्यवस्था | ४,२७,९५,००० | ८२,०६,६६३ | १९.१८ | ३,४५,८८,३३७ |
| २ | सामाजिक विकास | ४५,६३,९४,००० | १३,८६,७९,५९८.६९ | ३०.३९ | ३१,७७,१४,४०१.३१ |
| १ | शिक्षा | २३,६६,१०,००० | ७,९२,१८,७४६ | ३३.४७ | १५,७३,९१,२५४ |
| २ | स्वास्थ्य | ६,८९,००,००० | २,३०,७९,८१६.६९ | ३३.५ | ४,५८,२०,१८३.३१ |
| ३ | खानेपानी तथा सरसफाई | ५,९५,७०,००० | १,६६,३४,२२६ | २७.९२ | ४,२९,३५,७७४ |
| ४ | भाषा तथा संस्कृति | ३,९४,१८,००० | ४४,८०,६३० | ११.३७ | ३,४९,३७,३७० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,७९,००,००० | २९,७९,२९५ | १६.६४ | १,४९,२०,७०५ |
| ६ | युवा तथा खेलकुद | २,२९,५०,००० | ८१,८९,५२२ | ३५.६८ | १,४७,६०,४७८ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,१०,४६,००० | ४०,९७,३६३ | ३७.०९ | ६९,४८,६३७ |
| ३ | पूर्वाधार विकास | १,५१,२३,४५,००० | ४३,२३,२१,०६१.६४ | २८.५९ | १,०८,००,२३,९३८.३६ |
| १ | यातयात पूर्वाधार | १,२६,६७,८०,००० | ३८,१८,१८,६३२.६४ | ३०.१४ | ८८,४९,६१,३६७.३६ |
| २ | भवन, आवास तथा सहरी विकास | १९,६२,१५,००० | ४,७७,७३,७८७ | २४.३५ | १४,८४,४१,२१३ |
| ३ | उर्जा | ३,७०,००,००० | ८८,९८७ | ०.२४ | ३,६९,११,०१३ |
| ४ | सम्पदा पूर्वाधार | ८८,५०,००० | १२,००,८४५ | १३.५७ | ७६,४९,१५५ |
| ५ | पुनर्निर्माण | ३५,००,००० | १४,३८,८१० | ४१.११ | २०,६१,१९० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६,९५,४१,००० | २,८१,४८,२९७ | ४०.४७ | ४,१३,९२,७०३ |
| १ | वातावरण तथा जलवायु | २,१५,००,००० | ५१,१७,२५० | २३.८ | १,६३,८२,७५० |
| २ | विपद व्यवस्थापन | ८,००,००० | ४,८४,१५० | ६०.५२ | ३,१५,८५० |
| ३ | शान्ति तथा सुव्यवस्था | ३,४४,९०,००० | २,०१,२२,७२१ | ५८.३४ | १,४३,६७,२७९ |
| ४ | शासन प्रणाली | ४९,५१,००० | १४,८३,०८६ | २९.९६ | ३४,६७,९१४ |
| ५ | तथ्यांक प्रणाली | २०,००,००० | ९,४१,०९० | ४७.०५ | १०,५८,९१० |
| ६ | गरिबी निवारण | ५८,००,००० | ० | ० | ५८,००,००० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २७,१६,००,००० | १३,१२,१६,०२५.९० | ४८.३१ | १४,०३,८३,९७४.१० |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २७,१६,००,००० | १३,१२,१६,०२५.९० | ४८.३१ | १४,०३,८३,९७४.१० |
| **कुल जम्मा** | | **२,४६,३९,०४,०००** | **७५,३१,१२,९३२.२३** | **३०.५६** | **१,७१,०७,९१,०६७.७७** |

# पूर्व सहकारी शिक्षा तालिम



तारकेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालय सहकारी शाखाको आयोजनामा यही मिति २०७८ साल फागुन १, २ र ३ गते यस नगरपालिका अन्तर्गत रहेका विभिन्न समूहमा आवद्ध बहुउद्देश्यीय र उत्पादनमुलक सहकारी दर्ता गर्न ईच्छुक नगरबासीका लागि तीन दिने पूर्व सहकारी शिक्षा प्रशिक्षण तालिम सम्पन्न गरियो ।

प्रशिक्षण तालिमको उद्घाटनमा नगर प्रमुख श्री रामेश्वर बोहरा, नगर उपप्रमुख श्री भवानी डोटेल धिताल, प्रमुख प्रशासकीय अधिकृत श्री शिवप्रसाद लम्साल, नगर शिक्षा शाखा प्रमुख होमनाथ न्यौपाने, वडा अध्यक्ष एवं आर्थिक विकास समितिका संयोजक तथा नगर सहकारी समितिका सदस्य श्री मनोजकुमार घिमिरे, नगरपालिकाका शाखा प्रमुखहरु एवं अन्य कर्मचारीहरु लगायत प्रशिक्षार्थी सहकारीकर्मीहरुको उपस्थिति थियो ।

प्रशिक्षण कार्यक्रममा प्रशिक्षकको रुपमा नेक्सुनका प्राचार्य श्री सञ्जयराज तिमिल्सिना, नेक्सुनका तालिम अधिकृत श्री सुमनराज घिमिरे, नगरपालिकाको तर्फबाट सहकारी शाखा प्रमुख श्री तिर्थराज थापामगर, सहायकस्तर कर्मचारी श्री हरिकृष्ण अर्याल र श्री ईन्दिरा



अधिकारीले प्रशिक्षण गर्नु भएको थियो ।

प्रशिक्षण कार्यक्रम तीन दिन सम्म संचालन भएको थियो र उक्त कार्यक्रममा सहकारीको अर्थ, मर्म, दर्शन मुल्य मान्यता, सहकारीको अवधारणा र सिद्धान्त, नेपालमा सहकारीको विकासक्रम र विद्यमान अवस्था, सदस्य केन्द्रियता, सहकारी संस्थाको पहुँच र सञ्चालीकरण, सहकारी संस्थाको दर्ता प्रक्रिया, सहकारीको विषयगत कार्यक्षेत्र र सम्भाव्यता, सहकारीको विनियम ढाँचा, सहकारीको ऐन र नियमावली, सहकारीको साधारण सभा र निर्वाचन प्रक्रियाको विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा कुल ३९ जना प्रशिक्षार्थिहरु उपस्थित हुनुभएको थियो । साथै प्रशिक्षण संचालन गर्नु अघि लिइएको प्रि टेस्टमा प्रशिक्षार्थीहरुले औसत ४३.१६ प्रतिशत ल्याउन सफल हुनु भएको थियो भने प्रशिक्षण पश्चता लिएको पोस्ट टेस्टमा औसत ७५.३२ प्रतिशत ल्याउन सफल हुनुभएको थियो ।

# साइवर क्राइम न्यूनीकरण सम्वन्धी १ दिने गोष्ठी सम्पन्न



मिति २०७८।०९।१२ गतेका दिन साइवर क्राइम न्यूनीकरण सम्वन्धी गोष्ठी तारकेश्वर नगरपालिकाको वडा नं ६ स्थित सभाहलमा सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु, नगरपालिकाका कर्मचारीहरुको उपस्थितिमा सम्पन्न भयो । अहिलेको डिजिटल समय तथा कोभिड १९ को महामारीको समयमा भएका लकडाउनको कारण अनलाईन मार्फत पठनपाठन भै रहेको समयमा साइवर क्राइमको जोखिम समेत वढेकाले उक्त गोष्ठी विद्यालयका प्रधानाध्यापकहरुको सहभागितामा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको सहजीकरण साइवर क्राइम




सम्वन्धीविज्ञप्रा. डा. रामहरि सुवेदीले गर्नु भएको थियो । उक्त कार्यक्रमकोअध्यक्षता कार्यवाहक नगर प्रमुख भवानी डोटेल धितालले गर्नु भएको थियो भने धन्यवाद ज्ञापन प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद लम्साललेे गर्नु भएको थियो ।

**कृषि शाखाको आ.व. २०७८/७९ को दोश्रो चौमासिक प्रगित विवरण**

| सि. नं. | कार्यक्रम | अनुदान | वितरित परिमाण | कुल रकम रु. |
|---|---|---|---|---|
| १ | गोलभेडाको बिउ (सृजना जात) | ५०% | १७१४ ग्राम | ३,००,०००।- |
| २ | मिनि टिलर (HP 7.5, Petrol Engine) | ५०% | १० वटा | ५,००,०००।- |
| ३ | मिनि टिलरमा लाग्ने हिले चक्का | ५०% | ३३ जोर | २,००,०००।- |
| ४ | भर्मिक कम्पोष्ट मल (गड्यौला मल) | ५०% | १६,६६६ के.जी. | ५,००,०००।- |
| ५ | सिलपोलिन टनेल प्लास्टिक (20m x 6m, 70 GSM) | ५०% | ८१ थान | ५,००,०००।- |


# स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को आ.व. २०७७/७८ को प्रगति

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ (संशोधन सहित) अनुसार स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको यकिन गर्न र पालिकाहरुको बीचमा तुलना योग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउनका लागि कार्यविधि अनुसार प्रत्येक आ.व. समाप्त भएपछि स्थानीय तहले आफ्नो पालिकामा भए गरेका काम अनुसार तोकिएको सूचकका आधार/प्रमाण सहित कार्यविधिले तोकेको ढाँचामा अङ्कभार दिई मूल्याङ्कन गर्नु पर्ने हुन्छ। सोही अनुसार यस तारकेश्वर नगरपालिकाको आ.व. २०७७/७८ को स्व-मूल्याङ्कन गर्दा जम्मा ६६ प्रतिशत अङ्क प्राप्त गर्न सफल भएको छ, जसमा समग्र स्थितिमा ५४.७६ प्रतिशत, प्रक्रियागत स्थितिमा ६३.२४ प्रतिशत र परिमाणात्मक स्थितिमा ७३.३३ प्रतिशत रहेको छ।




**स्व-मूल्याङ्कन विषयक्षेत्रहरु**

| | स्कोर प्रतिशत |
|---|---|
| शासकीय प्रवन्ध | ८८.८१% |
| संगठन तथा प्रशासन | ६२.५% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ८१.८२% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ७७.२७% |
| सेवा प्रवाह | ६८.७५% |
| न्यायिक कार्य सम्पादन | ८५.७१% |
| भौतिक पूर्वाधार | ५३.८५% |
| सामाजिक समावेशीकरण | ५५% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ३३.३३% |
| सहकार्य र समन्वय | ५०% |




स्व-मूल्याङ्कन विषयक्षेत्रगत अङ्कभार हेर्दा शासकीय प्रबन्ध, वार्षिक बजेट तथा योजना व्यवस्थापन र न्यायिक कार्य सम्पादनमा उत्कृष्ट रहेको देखिन्छ भने वातावरण संरक्षण तथा विपद् व्यवस्थापन कमजोर रहेको देखिन्छ र अन्य विषयक्षेत्रहरु औसत रहेको छ।

यसै सन्दर्भमा मिति २०७८।११।१२ गते यस नगरपालिकाको प्रमुख श्री रामेश्वर बोहराको अध्यक्षता एवं जिल्ला समन्वय समितिका प्रमुख शिवसुन्दरराज वैद्यको प्रमुख आतिथ्यता, जिल्ला समन्वय अधिकारी राजेन्द्रबहादुर अर्याल, नगर उपप्रमुख श्री भवानी डोटेल धिताल, प्रमुख प्रशासकीय अधिकृत श्री शिवप्रसाद लम्साल, नगरपालिकाका शाखा प्रमुखको उपस्थितिमा तारकेश्वर नगरपालिकाको कार्यप्रक्रिया र उपलब्धिको लेखाजोखा गरी जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषणलाई समेत मनन गरी आगामी आ.व. मा थप सुधार गर्ने निर्णय भएको थियो।

# गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत स्थानीय तहहरुमा गरिब परिवार पहिचान गर्ने, आवश्यक तथ्यांक संकलन तथा विश्लेषण गर्ने र गरिब परिवारको रुपमा पहिचान भएका परिवारलाई सो को परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको र यस कार्यक्रमलाई व्यवस्थित गर्न गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ जारी गरिएको छ।



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्न स्वीकृत निर्देशिका बमोजिम यस तारकेश्वर नगरपालिकालाई सशर्त शिर्षक नं. २६३३२ बमोजिम वित्त हस्तान्तरण गरिएको छ।

कार्यक्रम सञ्चालन गर्न TOT तालिम प्रदान गर्ने साथै सुपरिवेक्षक र गणकहरुलाई तालिम प्रदान गर्ने कार्यमा समन्वयनको भूमिका जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट भएको छ।

यस कार्यक्रम अन्तर्गत हालसम्म भएका कार्यहरुको विवरणः

१. जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट निर्देशन भए बमोजिम गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि यस कार्यालयका अधिकृतस्तर सातौं, श्री शोभा श्रेष्ठलाई सम्पर्क व्यक्ति (Focal Person) को रुपमा तोकिएको।

२. जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट माग भए बमोजिम TOT तालिमको लागि यस नगरपालिकाको ८ जना कर्मचारीहरु TOT तालिममा सहभागी भएका।




३. मन्त्रालयबाट तोकिए बमोजिम २ जना सुपरिवेक्षक र १७ जना गणकहरुलाई छनौट गरि ५ महिनाको करार सम्झौता भईसकेको।

४. सुपरिवेक्षक र गणकहरुलाई जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंबाट सञ्चालन तालिममा TOT तालिममा सहभागी प्रशिक्षकहरुबाट तालिम प्रदान गरिएको।

५. वडा कार्यालयहरुलाई कार्यक्रमको जानकारी प्रदान गर्न ११ वटै वडा कार्यालयमा सुपरिवेक्षक, गणक र सम्बन्धित कर्मचारीहरुको उपस्थितिमा बैठक सम्पन्न भएको।

६. यस नगरपालिकाको ११ वटै वडामा तथ्यांक संकलन गर्दै कार्य भईरहेको।

# आधारभूत तह शैक्षिक सुनिश्चतता भएको घोषणा

मिति २०७८।११।२७ गतेका दिन तारकेश्वर नगरपालिकालाई आधारभूत तह शैक्षिक सुनिश्चितता भएको नगरपालिका घोषणा एक समारोहका बीच नगर प्रमुख रामेश्वर बोहराले गर्नुभयो। उक्त अवसरमा नगर प्रमुखले विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन विभिन्न किसिमका सहयोग नगरपालिकाबाट गरिएको बताउनु भयो भने नगर उप-प्रमुखले विद्यालय शिक्षामा प्रअको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नु भयो। सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद लम्सालले विद्यालयको साथ सहयोगमा नगरपालिका रहि रहने प्रतिवद्धता जनाउनु भयो। कार्यक्रममा नगर शिक्षा अधिकारी होमनाथ न्यौपानेले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उपदेयता माथि प्रकाश पार्नु भएको थियो।



नेपालको संविधानको मौलिक हक अन्तरगत धारा ३१ मा आधारभूत शिक्षामा पहुँचको हक हुनेछ साथै आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क पाउने हक हुनेछ भन्ने उल्लेख भएकाले उक्त कुराको सुनिश्चितता तारकेश्वर नगरपालिकाले गरेको हो। ५ वर्ष देखि १२ वर्ष उमेर समूहका आधारभूत तहमा अध्ययन गर्ने उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गराई ती बालबालिकाको पठनपाठनको व्यवस्था विद्यालय मार्फत मिलाई घोषणा गरिएको हो।

शैक्षिक सुनिश्चितता घोषणा गरे पछि उक्त उमेर समूहका बालबालिका विद्यालय वाहिर हुँदै हुँदैनन् भन्ने चाही होईन, उनीहरु के कारणले विद्यालय नआएका हुन त्यो खोजी गरेर विद्यालय भर्नाको वातावरण वनाइने हो। सो अवसरमा शैक्षिक सुनिश्चितताको प्रभावकारी कार्यान्वयन गर्नको लागि नगरपालिकावाट सामुदायिक विद्यालयहरुमा १८ लाख रकम विनियोजित गरिएको समेत जानकारी गराइएको थियो।



# नगर स्वास्थ्य गतिविधी

तारकेश्वर नगरपालिका नगर स्वास्थ्य शाखाले महिला स्वाास्थ्य स्वयेम सेविकाहरुको लागि First Aid Training संचालन मिति २०७८।०८।२२ देखि मिति २०७८।०८।२८ गते सम्म गरियो ।



साथै यस आ.व०७८/७९ मास्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन, सुद्रिढीकरण तथा समिक्षा (स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम मिति २०७८।११।१५ देखि मिति २०७८।११।२७ सम्म प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुमा समिक्षा गरियो ।



यस आ.व ०७८/७९ मा प्रत्येक वडामा रहेका स्वास्थ्य संथाहरुमा कोभिड १९ विरुद्ध भ्याक्सिन कार्यक्रम सञ्चालन गरियो ।

| S. N. | Vaccine name | Vaccine dose | Total vaccinated | Total Male | Total Female |
|---|---|---|---|---|---|
| 1 | Verocell 1st dose | 1st | 45021 | 21347 | 23674 |
| 2 | Verocell 2nd dose | 2nd | 47307 | 22497 | 24817 |
| 3 | Verocell 3rd dose | 3rd/ Booster | 3716 | 2019 | 1697 |
| 4 | Covidshield Astrazeneca | 1st | 17238 | 7961 | 9278 |
| 5 | Covidshield Astrazeneca | 2nd | 4677 | 2220 | 2449 |
| 6 | Covidshield Astrazeneca | 3rd/ Booster | 9650 | 4320 | 5372 |
| 7 | Janssen 1st | 1st | 7252 | 3515 | 3737 |
| 8 | P fizer 1st | 1st | 13248 | 6868 | 6380 |
| 9 | P fizer 2nd | 2nd | 12930 | 6726 | 6204 |
| 10 | P fizer 3rd | 3rd/ Booster | 209 | 101 | 108 |
| | **Total** | | **161248** | **77574** | **83716** |

यस आ.व मा क्षयरोगका जोखिमयुक्त जनसंख्यामा (दुर्गम वस्ती, पिछडिएको वर्ग बसोवास स्थल, कार्यक्रम स्वास्थ्य सस्थाबाट टाढा रहेको बस्ती तथा स्वास्थ्य सेवामा पहुच कम भएका, कारागार, गुम्बा, स्कूल, बृद्धाश्रम, औद्योगिक क्षेत्र) सकृय क्षयरोग खोजपडताल कार्यक्रम सम्पन्न गरियो ।



साथै नगरपालिकाको विभिन्न वडाहरुमा रहेको विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन तथा आमा समुह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम संचालन गरियो ।



तारकेश्वर नगरपालिका नगर स्वास्थ्य शाखाले सबै महिला स्वाास्थ्य स्वयंम सेविकाहरुको लागि ENT (नाक, कान, घाटी) तालिम संचालन गरियो ।

